# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमति प्रदेश, नेपाल


पत्र सङ्ख्याः २०८१/८२
चलानी नं.

## गोरुमा रेबिज रोग पुष्टि भएको सम्बन्धी पशु सेवा शाखाको सूचना।

सूचना प्रकाशित मितिः २०८१/११/२५

सूचना नं:- प.से.शा १५

यस सिद्धलेक गाउँपालिकाको वडा नं १, वडा नं २ र वडा नं ३ मा गाई/भैसीले रेबिज रोगसंग मिल्दोजुल्दो लक्षण देखाई मृत्यु भएपश्चात नमुना संकलन गरि परिक्षणको लागी केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला त्रिपुरेस्वर, काठमाडौं पठाइकोमा FAT विधिवाट परिक्षण गर्दा १ वटा नमुनामा रेबिज रोग देखिएको हुदा आवश्य सावधानी अपनाउन सवैमा हार्दिक अनुरोध गर्दछौं।

**रोग सर्ने माध्यमः**

- संक्रमित कुकुर/बिरालो/स्यालले टोकेमा वा घाउ चोटपटकमा संक्रमित र्याल परेमा।

**कुकुरमा देखिने रेबिजको मुख्य लक्षणः**

- जथाभावी टोक्दै हिड्ने, अध्याधिक र्याल चुहाउने
- फिंज काड्ने, काठ/लट्ठी तथा आफ्नै नङ्ग टोक्ने
- उत्तेजित रहने,तर्सने र घोक्रे स्वरले भुक्ने
- पक्षघात हुने जिब्रो बाहिर निस्किरहने ,
- लक्षण देखापरेको हप्ता दिनमा कुकुर मर्ने

**गाई/भैसीमा रेबिजको मुख्य लक्षणः**

- तर्सने र कराइरहने
- मांसपेशीको चाल अनियन्त्रित तथा अनियमित हुन ,
- निर्जीव वस्तु वा भित्तामा सिङ्गले हानिरहने,
- दुध त्यतिकै पग्री रहने

**रेबिज रोकथामको उपायः**

- कुकुर विरालोमा रेबिज रोग विरुद्धको खोप लगाउने
- पशु चौपायालाई जंगली जनावरको टोकाईवाट जोगाउन सुरक्षित गोठमा राख्ने
- कुकुर/विरालो/स्याल आदिले पशुलाई टोकेमा तुरुन्त रेबिज बिरुद्धको खोप लगाउने

थप जानकारीको लागि पशु सेवा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

सम्पर्क नम्वरः ९७६४६२४६११, ९८६५५०४२१४ वा ९८६०५१८०८५

..............................




Scanned with CamScanner